८. आर्थिक कुटनीतिको अवधारणा बमोजिम बैदेशीक रोजगारी तथा लगानी, पर्यटन प्रवर्द्धन एवं नेपाली उत्पादनको निर्यात वृद्धिका लागि विदेशमा रहेका नेपाली कुटनीतिक नियोगहरुलाई प्रभावकारी बनाइनेछ। नेपालीहरुको संख्या बढ्दै गएका मुलुकहरुमा कुटनीतिक नियोग स्थापना गर्ने तथा दुतावास नै खोल्न नसकिएका मुलुकहरुमा महावाणिज्य दुतावास खोल्नका लागि पहल गरिनेछ । थोरै संख्यामा नेपाली नागरिकको बसोबास रहेका मुलुकहरुमा आवश्यक सेवा सुविधा प्रदान गर्न पायक पर्ने नजिकको मुलुकको नेपाली नियोगलाई जिम्मेवारी दिलाइने छ ।

९. गैरआवासीय नेपाली संघका विभिन्न देशमा रहेका राष्ट्रिय समन्वय परिषदद्वारा नेपालमा लोककल्याणकारी सामाजिक क्षेत्रमा कम्तिमा एक/एक परियोजना शुरु गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । यस क्रममा यस्ता परियोजनाहरुको कार्यान्वयन गर्न आर्थिक र सामाजिक रुपमा पिछडिएको र द्वन्द प्रभावित क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

१०. देशको सर्वांगीण विकासमा स्वदेश र विदेशमा रहेका नेपाली महिला तथा युवाहरुको सहभागिता आवश्यक रहेकाले सो वर्गको संजाललाई विस्तार गर्दै लैजाने प्रतिवद्धता जाहेर गर्दछ । यससंगै विश्वका विभिन्न शहरमा नेपाली संस्कृतिक केन्द्र निर्माणका लागि गैरआवासीय नेपाली समुदायद्वारा पहल गरिनेछ ।

११. यसअघि दोस्रो विश्व सम्मेलनमा प्रस्तावित एक सय मिलियन अमेरीकी डलरको 'नेपाल लगानीकोष'को अवधारणालाई गैरआवासीय नेपाली संघ दर्ता भएको एक वर्षभित्रमा कार्यान्वयनको प्रकृयामा लगिने प्रतिवद्धता व्यक्त गर्दछौं । यससंगै राष्ट्रिय पूर्वाधार विकासको क्रमलाई गति दिन व्यक्तिगत तथा सामुहिक रुपमा हुने लगानीलाई प्रोत्साहित गरिनेछ ।

१२. पर्यटन प्रवर्द्धनका लागि सरकारद्वारा घोषणा गरिएको एउटा साथी नेपाल पठाउ कार्यक्रमलाई समर्थन गर्दै सो अभियानलाई सफल बनाउन गैरआवसीय नेपाली समुदायलाई परिचालन गरिनेछ।

१३. राष्ट्रिय गौरवका रुपमा रहेका बुद्धको जन्मस्थल लुम्बिनी, संसारकै अग्लो शिखर सगरमाथा लगायतका धार्मिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुलाई सम्बन्धित मुलुकहरुमा परिचित गराउन सिंगो गैरआवासीय नेपाली समुदाय नै परिचालन हुनेमा प्रतिवद्धता व्यक्त गरिन्छ ।

१४. नेपालको पर्यावरण संरक्षण, प्राकृतिक सम्पदा, संस्कृति जगेर्नामा सम्वद्ध निकायसंग गैरआवसीय नेपालीले सहकार्य गरी संलग्नता बढाइने छ ।

१५. गैर आवासीय नेपाली संघको सकृयतामा त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा विद्यमान सेवा सुविधाको स्तरलाई बढाउन सहयोग गरिनेछ ।

| | | |
|---|---|---|
| सहाना प्रधान | चण्डीराज ढकाल | डा. उपेन्द्र महतो |
| (परराष्ट्र मन्त्री) | (अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ) | (अध्यक्ष, गैर आवासीय नेपाली संघ) |